संघीय संसद
राष्ट्रिय सभा
चौधौं अधिवेशन
बैठक-१८
सूचनापत्र-२
(बैठकको कामकारबाहीको सङ्क्षिप्त विवरण)

*बैठक प्रारम्भ : २:३१ बजे*
*बैठक स्थगित : २:५३ बजे*

२०८० असार १५ गते, शुक्रवार

संघीय संसद, राष्ट्रिय सभाको चौधौं अधिवेशनको अठारौं बैठक सम्माननीय अध्यक्ष गणेशप्रसाद तिमिल्सिनाको अध्यक्षतामा अपराह्न ०२:३१ बजे प्रारम्भ भयो।

सर्वप्रथम सम्माननीय अध्यक्षले राष्ट्रिय सभाका सचिव डा. सुरेन्द्र अर्याललाई **“विनियोजन विधेयक, २०८०”** का सम्बन्धमा प्रतिनिधि सभाबाट प्राप्त सन्देश सभा समक्ष टेबुल गर्न समय उपलब्ध गराउनुहुँदा उक्त सन्देशलाई टबुल गर्नुभयो।

तत्पश्चात् सम्माननीय अध्यक्षले माननीय अर्थ मन्त्री डा. प्रकाश शरण महतलाई राष्ट्रिय सभा नियमावली, २०७५ को नियम १३३ को उपनियम (४) बमोजिम “विनियोजन विधेयक, २०८०” सभा समक्ष प्रस्तुत गर्न समय उपलब्ध गराउनुहुँदा माननीय अर्थ मन्त्रीले उक्त विधेयक सभा समक्ष प्रस्तुत गर्नुभयो।

त्यसपछि, सम्माननीय अध्यक्षले माननीय कानुन, न्याय तथा संसदीय मामिला मन्त्री धनराज गुरूङलाई **“मुलुकी संहिता सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक, २०८०** माथिको दफावार छलफल सदनमा गरियोस्” भन्ने प्रस्ताव पेस गर्न समय उपलब्ध गराउनुहुँदा माननीय मन्त्रीले उक्त प्रस्ताव सभा समक्ष पेस गर्नुभयो।

तदुपरान्त सम्माननीय अध्यक्षले माननीय कानुन, न्याय तथा संसदीय मामिला मन्त्री धनराज गुरूङले पेस गर्नु भएको "मुलुकी संहिता सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक, २०८०" माथिको दफावार छलफल शुरु भएको जानकारी गराउनुहुँदै विधेयकमा ७ जना माननीय सदस्यहरुबाट ३ वटा दफासँग सम्बन्धित एउटा संयुक्त संशोधन प्रस्ताव दर्ता हुन आएको ब्यहोरा जानकारी गराउनुभयो।

त्यसपछि, सम्माननीय अध्यक्षले संयुक्त संशोधन प्रस्तावकर्ता माननीय सदस्यहरूको तर्फबाट माननीय तुलसा कुमारी दाहाललाई संशोधनको प्रस्ताव सहित छलफलमा भाग लिन समय उपलब्ध गराउनुभयो।

तत्पश्चात्, सम्माननीय अध्यक्षले "मुलुकी संहिता सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक, २०८०" को संशोधन प्रस्ताव सहित विधेयकमाथिको दफावार छलफलमा भाग लिन चाहनु हुने माननीय सदस्यहरूलाई आ-आफ्नो नाम अध्यक्षको ड्याससँगै बसेका सचिवालयका कर्मचारीहरुलाई उपलब्ध गराई दिनुहुन अनुरोध गर्नुहुँदा कुनैपनि माननीय सदस्यहरूले छलफलमा भाग लिनुभएन।

त्यसपछि सम्माननीय अध्यक्षले माननीय कानुन, न्याय तथा संसदीय मामिला मन्त्री धनराज गुरूङलाई माननीय तुलसा कुमारी दाहालले दर्ता गर्नुभएको संशोधनको प्रस्तावमा जवाफ दिन समय उपलब्ध गराउनुहुँदा माननीय मन्त्रीले जवाफ दिनुभयो।

तदुपरान्त, सम्माननीय अध्यक्षले "मुलुकी संहिता सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक, २०८० माथि सदनमा दफावार छलफल गरियोस्" भन्ने प्रस्तावमाथिको छलफल समाप्त भएको जानकारी गराउनुभयो।

त्यसपछि सम्माननीय अध्यक्षले "मुलुकी संहिता सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक, २०८०" माथि प्राप्त संशोधन प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा संशोधन पेस गर्ने संयुक्त संशोधन प्रस्तावकर्ता माननीय सदस्यहरुको तर्फबाट माननीय तुलसा कुमारी दाहालले आफ्नो संशोधन प्रस्ताव फिर्ता लिन चाहेमा उक्त संशोधन प्रस्ताव फिर्ता लिन समय दिनुभयो । त्यसपछि माननीय तुलसा कुमारी दाहालले संशोधनको प्रस्ताव फिर्ता लिनुभएन र निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतले अस्वीकृत भयो।

तत्पश्चात्, सम्माननीय अध्यक्षले विधेयकको दफा २ देखि ६ सम्मका दफाहरु "मुलुकी संहिता सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक, २०८०" को अंग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सभाबाट बहुमतले स्वीकृत भयो।

त्यसपछि, सम्माननीय अध्यक्षले देहायबमोजिमको विधेयकको प्रस्तावना र नाम पढेर सुनाउनुभयो:

**"प्रस्तावना:** अनुचित लेनदेन सम्बन्धी कार्यलाई कसूर कायम गर्नको लागि मुलुकी संहिता सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न वाञ्छनीय भएकोले,

संघीय संसदले यो ऐन बनाएको छ।

१. संक्षिप्त नाम र प्रारम्भ: (१) यस ऐनको नाम **"मुलुकी संहिता सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०८०"** रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले विधेयकको प्रस्तावना र नाम "मुलुकी संहिता सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक, २०८० को अङ्ग बनोस्" भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतले स्वीकृत भयो।

त्यसपछि, सम्माननीय अध्यक्षले माननीय कानुन, न्याय तथा संसदीय मामिला मन्त्री धनराज गुरूङलाई **"मुलुकी संहिता सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक, २०८० लाई पारित गरियोस्"** भन्ने प्रस्ताव प्रस्तुत गर्न समय उपलब्ध गराउनुहुँदा माननीय मन्त्रीले उक्त विधेयक सभा समक्ष प्रस्तुत गर्नुभयो। सम्माननीय अध्यक्षले उक्त प्रस्तावलाई निर्णयार्थ प्रस्तुत प्रस्तुत गर्नुहुँदा सभाबाट सर्वसम्मतिले पारित भयो।

तदनन्तर, सम्माननीय अध्यक्षले राष्ट्रिय सभाको अर्को बैठक **४१ मिनेट पछि** बस्ने गरी बैठक स्थगित भएको घोषणा गर्नुभयो।

(डा. भरतराज गौतम)

संघीय संसदको महासचिव